# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## चन्दननाथ नगरपालिका

## जुम्ला




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## चन्दननाथ नगरपालिका

## जुम्ला




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## चन्दननाथ नगरपालिका

### जुम्ला

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलत: आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
**Office of the Auditor General**
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय कर्णाली प्रदेश**

पत्र संख्याः २०७९।८०
च.नं. : ४३ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री नगर प्रमुख ज्यू,
चन्दननाथ नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
जुम्ला।

**कैफियत सहितको राय**

हामीले चन्दननाथ नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन।
२. लेखापरीक्षणबाट रू.१२ करोड ४९ लाख २९ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. १ करोड ४३ लाख ६८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.६ करोड ७४ लाख ३ हजार, नियमित गर्नुपर्ने रु.३ करोड ७८ लाख ३४ हजार र पेश्की रु.५३ लाख २४ हजार रहेको छ। पालिकाको गतवर्ष सम्म रु.२४ करोड ४३ लाख २५ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ३६ करोड ९२ लाख ५४ हजार रहेको छ। नगरपालिकाको बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ।
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

नायब महालेखापरीक्षक

# चन्दननाथ  नगरपालिका, जुम्ला

## 1. चालु वर्षको बेरुजु २०७८।७९

### 1.1. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ५३ | २८० | १२४९२९ | ० | ० | ० | ५३ | २८० | १२४९२९ | १४३६८ | ३७८३४ | ६७४०३ | ० | ० | १०५२३७ | ५३२४ |

### 1.2 प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| ० | ० | ० | ० |
| | | | |
| | | | |
| | | | |

## 2. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| चन्दननाथ नगरपालिका जुम्ला | २४४३२५ | ० | ० | २४४३२५ | ० | १२४९२९ | २७७६१४ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : चन्दननाथ नगरपालिका, जुम्ला , चन्दननाथ नगरपालिका , जुम्ला

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | क्षेत्र बहादुर बुढथापा | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | पुर्ण बहादुर ठकुरी | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | १२४,९२८,८१५ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ८,३५,३९,१८९.२५ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४०,९३,९०,५१६ | **चालु खर्च** | ३२,३९,७८,३०२ |
| **प्रदेश सरकारबाट अनुदान** | ५,०६,८४,४३२ | **पूँजीगत खर्च** | २१,५६,८५,४३१ |
| **राजश्व बाँडफाँट** | ७,७४,६९,६५०.७९ | **वित्तीय/अन्य व्यवस्था** | १०,३६,९४,१३० |
| **आन्तरिक आय** | १,२१,७४,२५३ | | |
| **अन्य आय** | ९,९५,३१,१३५ | | |
| **कुल आय** | ६४,९२,४९,९८६.७९ | **कुल खर्च** | ६४,३३,५७,८६३ |
| **बाँकी मौज्दात** | | ८,९४,३१,३१३.०४ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचयः**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानिय शासन पद्धतिलाई सुद्धढ गरी स्थानीय तहमा विधायीकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानिय सरकारको संचालन गर्ने उदेश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकार संचालन गर्ने हरेक कार्यमा सहकारीता, सह-अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानिय सरकारको हरेक काममा जनसहभागिता, उतरदायित्व,पारदर्शिता सुनिश्चित गरी नागरीकहरुलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु नै नगरपालिका स्थापनाको उदेश्य हो । कर्णाली प्रदेशमा अवस्थित यस नगरपालिका अन्तर्गत १० वडा ५३ सभा सदस्य रहेका छन । कुल १०२ ब.कि.मी क्षेत्रफल ओगटेको यस नगरपालिकाको जनसंख्या १९०४७ जना रहेको छ ।<br>लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७९।०६।०२ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् : | |
| २ | | | **स्थानीय संचित कोष :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७८।७९ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ। | |

| विवरण | टिप्पणी | यसवर्ष रु. | | | |
|---|---|---|---|---|---|
| | | बजेट | आफैलेगरेको प्राप्ति/ भुक्तानी | वस्तुगत/ सोभैभुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ६०,२९,५८,५८०.८७ | ५४,९८,२१,५१७.८१ | | ५४,९८,२१,५१७.८१ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ५९,६९,१६,०५३ | ५३,७६,४७,२६४.७९ | ० | ५३,७६,४७,२६४.७९ |
| ११००० कर | ११ | १०,०६,३०,०५३ | ७,७४,६९,६५०.७९ | ० | ७,७४,६९,६५०.७९ |
| १३००० अनुदान | | ४९,६२,८६,००० | ४६,०१,७७,६१४ | ० | ४६,०१,७७,६१४ |
| संघीय सरकार | १२ | ४१,११,५३,००० | ४०,९३,९०,५१६ | ० | ४०,९३,९०,५१६ |
| प्रदेश सरकार | १२ | ७,०१,३३,००० | ५,०६,८४,४३२ | ० | ५,०६,८४,४३२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | स्थानीय तह | १२ | १,५०,००,००० | १,०२,६६६ | ० | १,०२,६६६ | | |
| | | | | ख. अन्य प्राप्ति | | ६०,४२,५२७.८७ | १,२१,७४,२५३.०२ | | १,२१,७४,२५३.०२ | | |
| | | | | वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | | |
| | | | | कोषहरु | | ६०,४२,५२७.८७ | १,००,८५,०५५.७४ | ० | १,००,८५,०५५.७४ | | |
| | | | | धरौटी | | ० | २०,८९,१९७.२८ | ० | २०,८९,१९७.२८ | | |
| | | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | | |
| | | | | भुक्तानी (ग+घ) | | ६८,२९,५२,२१३.८७ | ५४,३६,३३,४०७.५९ | | ५४,३६,३३,४०७.५९ | | |
| | | | | ग. भुक्तानी (सञ्चित कोषबाट) | | ६७,६९,०९,६८६ | ५३,९४,७०,४१२.५९ | | ५३,९४,७०,४१२.५९ | | |
| | | | | २१००० पारिश्रमिक / सुविधा | १८ | १९,०३,६४,०५३ | १७,५७,६९,६७२.४० | ० | १७,५७,६९,६७२.४० | | |
| | | | | २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १०,३०,३९,९४४ | ९,३७,९४,३८५.४६ | ० | ९,३७,९४,३८५.४६ | | |
| | | | | २५००० सहायता (Subsidy) | १८ | ३,८१,१२,००० | ३,७१,१०,५४९ | ० | ३,७१,१०,५४९ | | |
| | | | | २६००० अनुदान | १८ | ६,९५,००० | ० | ० | ० | | |
| | | | | २७००० सामाजिक सुरक्षा | १८ | २,०१,८९,९४४ | १,५४,८९,६८५.६२ | ० | १,५४,८९,६८५.६२ | | |
| | | | | २८००० अन्य खर्च | १८ | २०,००,००० | १८,१४,०१० | ० | १८,१४,०१० | | |
| | | | | ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ३२,२५,०८,७४५ | २१,५४,९२,११०.११ | ० | २१,५४,९२,११०.११ | | |
| | | | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| घ. अन्य भूक्तानी | | ६०,४२,५२७.८७ | ४१,६२,९९५ | | ४१,६२,९९५ |
| कोषहरु | | ६०,४२,५२७.८७ | २८,४८,८३८ | ० | २८,४८,८३८ |
| धरौटी | | ० | १३,२०,६३८ | ० | १३,२०,६३८ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -६,४८१ | | -६,४८१ |
| ङ. यो वर्षको बचत (न्युन) | | (७,९९,९३,६३३ ) | ६१,८८,११०.२२ | | ६१,८८,११०.२२ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ८,३५,३९,१८९.२५ | | ८,३५,३९,१८९.२५ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (७,९९,९३,६३३ ) | ८,९७,२७,२९९.४७ | | ८,९७,२७,२९९.४७ |
| | | | | | |
| बैंक तथा नगद बाकी | २४ | | ८,९७,२७,२९९.४७ | | ८,९७,२७,२९९.४७ |

विनियोजन तर्फ

| सि नं | शीर्षक | | विनियोजन | निकासा | खर्च |
|---|---|---|---|---|---|
| | | **संघिय कार्यक्रम तर्फ** | | | |
| १ | ३३६००१०२३ | गरिवसंग विश्वेश्वर कार्यक्रम | ४६४००० | ४५५००० | ४५५००० |
| २ | ३१४०१०१२३ | सामाजिक सुरक्षा तथा संरक्षण | १०६१६७४०८ | ७६१४७९६९ | ७६१४७९६९ |
| | | **प्रदेश कार्यक्रम तर्फ** | | | |
| ३ | ३१४०००११३ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | २००००० | २००००० | २००००० |
| ४ | ३०१००१०२४ | मुख्यमन्त्री रोजगार उद्यमशिलता तथा आय आर्जन | १९४२४००० | १९४२३१६५.७७ | १९४२३१६५.७७ |
| | ३०१००१०२३ | मुख्यमन्त्री रोजगार उद्यमशिलता तथा आय आर्जन | १०५००० | १०५००० | १०५००० |
| ६ | ३५००२१०१४ | कोभिड १९ महामारी नियन्त्रण कार्यक्रम | ३२००००० | ३२००००० | ३२००००० |
| | | **जम्मा** | **१२९५६०४०८** | **९९५३११३५** | **९९५३११३५** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३ | | | **वित्तीय विवरणः**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । पालिकाले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु. ६,९४,३६,३२४.०० ले फरक देखिएको छ । | |
| ४ | | | **बैंक हिसाब मिलान नगरेकोः** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४.१</td><td></td><td></td><td>स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान बिवरण तयार गर्नुपर्नेमा पालिकाले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्ने देखियो ।
<table>
<tr><th>सि.नं.</th><th>खाताको नाम</th><th>श्रेस्ता अनुसार बाँकी</th><th>बैंक स्टेटमेण्ट अनुसार बाँकी</th><th>फरक</th></tr>
<tr><td>१</td><td>चालू खर्च खाता</td><td>१५,०९,५४०</td><td>२,३१,११,११९.९४</td><td>२,१६,०१,५७९.९४</td></tr>
<tr><td>२</td><td>पुँजिगत खर्च खाता</td><td>७,२२,८१,५७८</td><td>१०,०४,१९,५६२.६१</td><td>२,८१,३७,९८४.६१</td></tr>
<tr><td>३</td><td>धरौटी खाता</td><td>४४,१२,११५</td><td>४८,७१,५८४.१९</td><td>४,५९,४६९.१९</td></tr>
<tr><td>४</td><td>संचित कोष खाता</td><td>६९,६७,३५६</td><td>३,११,१२,४५७.६०</td><td>२४,१४,५११०१.६</td></tr>
<tr><td>५</td><td>प्रकोप व्यवस्थापन</td><td>७२,४२,६९८</td><td>२२,५२,७४४.८७</td><td>-४९,८९,९५३.१३</td></tr>
<tr><td>६</td><td>चालू खर्च खाता विजोर वर्ष</td><td>-९८,०००</td><td></td><td>९८,०००.००</td></tr>
<tr><td>७</td><td>पुँजिगत खर्च खाता विजोर वर्ष</td><td>१५,८५८</td><td></td><td>-१५,८५८.००</td></tr>
<tr><td>८</td><td>विविध कोष खाता</td><td>२८,१८,७४५.३६</td><td>२८,१८,७४५.३६</td><td>०</td></tr>
<tr><td>९</td><td>अन्य खर्च खाता</td><td>५५,३३,६१४.८८</td><td>५५,३३,६१४.८८</td><td>०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१०,०६,८३,५०५</td><td>१७,०१,१९,८२९</td><td>६,९४,३६,३२४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४.२</td><td></td><td></td><td>घटी मौज्दातः पालिकाको २०७९ असार ३२ गतेको बैक स्टेटमेन्ट अनुसार प्रकोप व्यवस्थापन खातामा श्रेस्ताभन्दा घटी मौज्दात देखिएकोले सो सम्वन्धमा एकिन गरि हिसाव मिलान पेश हुनुपर्ने रु</td><td>४,९८९,९५३</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ५ | | | **जिम्मेवारी फरक परेकोः**<br>जिम्मेवारी फरक परेको – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु. १०,४७,७९,३४०.०० मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु. ८,३५,३९,१८९.२५ जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.२,१२,४०,१५०.७५ घटी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु......... | २१,२४०,१५० |
| ६ | | | **लक्ष्य प्रगति :**<br>पालिकाले त्रैमासिक र बार्षिक स्तरका प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा पालिकाले स्वीकृत कार्यक्रमको लक्ष्य अनुसार प्रगति गर्नुपर्नेमा कुल १५७ कार्यक्रम मध्ये सबै कार्यक्रममा ७५ प्रतिशत भन्दा वढी प्रगती गरेको भएता पनि तोकिएको ढाँचामा त्रैमासिक प्रगती विवरण तयार गरेको छैन । बजेट खर्च अनुसार तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७ | | | **सेवाप्रवाहको स्थिति :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई सेवा प्रवाह प्रभावकारी बनाउनु पर्नेमा पालिकाले यस वर्ष सम्पादित सेवा प्रवाह निम्न अनुसार रहेको छ ।<br><br>विवरण: जम्मा<br>स्वीकृत घरनक्सा दर्ता पास: विवरण पेश नभएको<br>पञ्जिकरणतर्फ:<br>जन्मदर्ता: ५०७<br>मृत्युदर्ता: ८६<br>बसाईसराई दर्ता: ४६<br>विवाह दर्ता: १२०<br>सम्बन्धविच्छेद दर्ता: १<br>पूर्वाधार विकास सडक निर्माण:<br>कालोपत्रे सडक निर्माण: २<br>कालोपत्रे सडक मर्मत: १<br>ग्राभेल सडक निर्माण: ७२<br>ग्राभेल सडक मर्मत: २६<br><br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन । | |
| ८ | | | **आन्तरिक नियन्त्रण प्रणालीः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम पालिकाको कार्य प्रभावकारी ढंगले संचालन गर्न आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br><br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको छैन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन ।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख छैन ।<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य वि,वरण वनाई लागु गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी रु.४,६९,६५,४०५.०० तलब खर्च लेखेकोमा तलबी प्रतिवेदन पारित नहुँदा ग्रेड लगायतका खर्च रकम भिडान हुन सकेन । नियमानुसार तलबी प्रतिवेदन पारित गरेरमात्र तलब खर्च लेख्नुपर्दछ ।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ९ | | | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापनः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ७५ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म ६९ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित ६ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ भने पालिकाले विभिन्न पदमा ६० जना कर्मचारी करारमा राखि रु.१,४५,९४,०००.०० खर्च लेखेको छ । | |
| १० | | | **कर्मचारी करारः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) मा पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको भएपनि इन्जिनियर, सहायक पाँचौ तथा सहायक चौथो पदमा ८ जना करार नियुक्ति गरी बर्षभरीमा रु.३०,१६,७८०.०० भुक्तानी गरेको अनियमित दिखएको रु....... | ३,०१६,७८० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ११ | | | **बार्षिक खरिद योजना/गुरुयोजना :**<br>सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने, नियम ८ मा बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ ।पालिकाले विभिन्न शीर्षक अन्तर्गत रु. २१ करोड ५६ लाख ८५ हजारको निर्माण एवं पूँजीगत खर्च गरेको छ । पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा प्रचलित ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| १२ | | | **बजेट पेश, पारित र अख्तियारीः**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुख श्री अप्सरा देवी न्यौपाने महतले मिति २०७८।०३।१० गते रु.६३ करोडको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७९।०३।२५ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।०६।२४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोके अनुसारको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनुपर्दछ । | |
| १३ | | | **चौमासिक पूँजीगत खर्चः** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१३.१</td><td></td><td></td><td>
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><th rowspan="2">क्र.स.स</th><th rowspan="2">बजेट उपशिर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="4">चौमासिक खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेश्रो चौमासिक</th><th>आषाढ महिना</th></tr>
<tr><td>१</td><td>चालु खर्चतर्फ</td><td>३२३०७८</td><td>८८७०९</td><td>९०५९५</td><td>१४४७१४</td><td>१११४९६</td></tr>
<tr><td>२</td><td>पूँजिगत खर्चतर्फ</td><td>२१५६८५</td><td>२२५९६</td><td>३६५५४</td><td>१५६५३४</td><td>१२१३०६</td></tr>
<tr><td></td><td>जम्मा</td><td>५३९६६३</td><td>१११३०५</td><td>१२७१४९</td><td>३०१२४८</td><td>२३२८०२</td></tr>
<tr><td></td><td>प्रतिशत</td><td>७९.५६</td><td>२०.६२</td><td>२३.५६</td><td>५५.८२</td><td>४३.१४</td></tr>
</table>
पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.५३ करोड ९६ लाख ६३ हजार खर्च भएकोमा प्रथम चौमासिकमा २०.६२ प्रतिशत, दोश्रो चौमासिकमा २३.५६ प्रतिशत र तेश्रो चौमासिकमा ५५.८२ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.२३ करोड २८ लाख २ हजार अर्थात ४३.१४ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले नगद प्रवाह सन्तुलित देखिएन । चौमासिक रुपमा सन्तुलित नगद प्रवाह हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>१३.२</td><td></td><td></td><td>खर्च बिश्लेषणः पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु.१,३८,००,०००.०० राजस्व बाँडफाँड र अनुदानबाट रु.५३,७५,३५,५९८.०० समेत रु.५५,१३,३५,५९८.०० आम्दानी भएकोमा चालु तर्फ रु.३०,३९,७८,०००.०० र पूँजिगत तर्फ रु.२१,५६,८५,०००.०० समेत रु.५३,९६,६३,०००.०० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.५६ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु.८८,६८,०००.०० खर्च भएको छ जुन आन्तरिक आयको ६४.२६ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६० प्रतिशत चालु र ४० प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । पालिकाले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गर्दा पालिकाको लक्ष्य प्राप्ति नहुने देखिएकोले चालु खर्चमा नियन्त्रण गरी बिकास निर्माणमा रकम परिचालन गरिनुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४ | | | **योजना छनौट र कार्यान्वयन :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७८।७९ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।<br><table><tr><td>रु १ लाख सम्म</td><td>रु १ लाख देखि २ लाखसम्म</td><td>रु २ लाखदेखि ५ लाखसम्मका</td><td>रु ५लाख देखि १० लाखसम्मका</td><td>रु १० लाखभन्दा बढीको</td><td>जम्मा</td></tr><tr><td>३३</td><td>३९</td><td>४३</td><td>२३</td><td>१९</td><td>१५७</td></tr></table>उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु.१ लाख देखि २ करोड सम्मका जम्मा १५७ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र ३३ वटा योजनाहरु रहेका छन् ।साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने तर दिर्घकालिन र प्रतिफलमुखि नहुदाँ लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था देखिएकोले योजनाको दिगोपनामा ध्यान दिनु पर्दछ । | |
| १५ | | | **बजेट तथा कार्यक्रम तर्जुमा :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| १६ | | | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७ | | | **गत बर्षको दायित्वः**<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गतेभित्र भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी राख्नुपर्ने व्यबस्था छ । पालिकाले २०७७।७८ मा बिभिन्न संस्था, उपभोक्ता समिति, फर्महरुलाई रु.३ करोड ९३ लाख ९६ हजार भुक्तानी दिन बाँकी रहेको भनि बिबरण वेगर यो बर्ष (२०७८।७९) को बजेटमा गत बर्षको भुक्तानी वाँकीको लागि छुट्टै शिर्षकमा बजेट व्यबस्था गरी रकम भुक्तानी गरेको देखियो । उक्त शिर्षकमा गत वर्षको १८ योजनाको रु.२७८४४०००।०० तथा यस वर्षको नयाँ २६ योजनामा रु.११५५२०००।०० खर्च गरेको छ । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिजर्ना हुने गरी खर्च नगर्न व्यबस्था मिलाउनु पर्दछ । साथै भुक्तानी वाँकीको योजनाको लागि वजेट व्यवस्था गरि नया योजना संचालन गरेको देखिएकोले नगरसभावाट पारित योजना भन्दा अन्य योजनामा खर्च गरेको रकम नियम सम्मत नदेखिएको रु. | ११,५५२,००० |
| १८ | | | **बजेट सीमा निर्धारण समिति:**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१९</td><td></td><td></td><td>
क्षेत्रगत बजेट र खर्चको स्थितिः<br>
स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><th rowspan="2">क्र.स</th><th rowspan="2">क्षेत्र</th><th rowspan="2">बजेट</th><th rowspan="2">खर्च</th><th>खर्च प्रतिशत</th></tr>
<tr><th>जम्मा खर्चको तुलनामा</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>२४०९५</td><td>१७७१५</td><td>३</td></tr>
<tr><td>२</td><td>पूर्वाधार विकास</td><td>२७५७२८</td><td>१७९५२७</td><td>३३</td></tr>
<tr><td>३</td><td>सामाजिक विकास</td><td>२३००६२</td><td>२१४७४०</td><td>४०</td></tr>
<tr><td>४</td><td>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</td><td>१७३९७</td><td>१५६९४</td><td>३</td></tr>
<tr><td>५</td><td>अन्य कार्यालय संचालन तथा प्रशासनिक</td><td>१३१०२८</td><td>१११९८८</td><td>२१</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>६७८३१०</td><td>५३९६६४</td><td></td></tr>
</table>
उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४० प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटीमा २०.७५ प्रतिशत रहेको छ ।
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २० | | | **अबण्डा बजेटः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु.६ करोड ५० लाख अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको विभिन्न मिति को निर्णयबाट चालुतर्फ र पुजीगततर्फ शीर्षकहरुमा बजेट व्यवस्था गरी खर्च गरेको छ ।नगरपालिकाको कुल समानिकरण तथा राजस्व वाँडफाँड बजेट रु.२१ करोड ६१ लाख १३ हजार भएकोमा रु.१३ करोड बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गरेको देखिएकोले कुल समानिकरण बजेटको ६१ प्रतिशत रकम योजना तयार नगरी खर्च गरेको देखिएको छ । यसरी कानून वमोजिम नगर सभवाट बजेट पारित गर्नुपर्नेमा एकमुष्ट रकम तोकी वडा अध्यक्षहरु, कार्यपालिका सदस्य, उपप्रमुख तथा नगर प्रमुखको नाममा शिर्षक राखि जनताको आवश्यकता भन्दा निजहरुको इच्छाको आधारमा योजना तयार गरी कार्यपालिकावाट निर्णय गराए अनुसार कार्यान्वन गरेको देखिएकोले यस्तो प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।<br><br>सि नं – शिर्षक – रकम<br>१ – मर्मत सम्भार गर्नुपर्ने योजनाहरु – ५० लाख<br>२ – वडा नं १ देखि १० सम्मका प्रति वडा ५० लाख – ५ करोड<br>३ – कार्यापालिका सदस्यहरुको विकास निर्माण प्रति सदस्य ५ लाख – ४० लाख<br>४ – विविध विकास आयोजना – ५० लाख<br>५ – मर्मत सम्भार तथा विविध – १० लाख<br>६ – गत वर्षको भुक्तानी वाँकी पुँजीगत – ६ करोड ५० लाख<br>जम्मा – १३ करोड | |
| २१ | | | **न्यायीक समितिः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी १० र यो बर्ष थप भएको ३३ गरी कुल ४३ विवाद दर्ता भएकोमा ४३ वटा नै फछ्र्यौट भएको विवरण पेश गरेको छ । | |

| सि नं | शिर्षक | रकम |
|---|---|---|
| १ | मर्मत सम्भार गर्नुपर्ने योजनाहरु | ५० लाख |
| २ | वडा नं १ देखि १० सम्मका प्रति वडा ५० लाख | ५ करोड |
| ३ | कार्यापालिका सदस्यहरुको विकास निर्माण प्रति सदस्य ५ लाख | ४० लाख |
| ४ | विविध विकास आयोजना | ५० लाख |
| ५ | मर्मत सम्भार तथा विविध | १० लाख |
| ६ | गत वर्षको भुक्तानी वाँकी पुँजीगत | ६ करोड ५० लाख |
| | जम्मा | १३ करोड |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २२ | | | **कानून र सञ्चालन स्थितिः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १० वटा ऐन, ३ वटा नियमावली, १० कार्यविधि, निर्देशिका ३ र अन्य २ लगायत २८ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले २८ वटा कानूनहरु निर्माण गरी कार्यपालिकाबाट स्वीकृत गरेको छ । उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| २३ | | | **खाना तथा विविध खर्चः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.१५ लाख खर्च गरेको छ । | |
| २४ | | | **स्थानीय तहका पदाधिकारी सुविधा :**<br>नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार कर्णाली प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट रु. ८८,६८,०००। सुविधा वापत भुक्तानी भएको छ । | |
| २५ | | | **अनुदान फिर्ताः** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२५.१</td><td></td><td></td><td>संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७९ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइएन । खर्च नभई बाँकी रहेको साउन महिनामा फिर्ता गरेको छ ।
<table>
<tr><td>अनुदान प्रदान गर्ने निकाय</td><td>अनुदानको प्रकार</td><td>प्राप्त रकम</td><td>खर्च रकम</td><td>बाँकी रकम</td></tr>
<tr><td>संघीय सरकार</td><td>शसर्त चालु</td><td>२१५७५८०००</td><td>२०५३८५१७५</td><td>१०३७२८२४</td></tr>
<tr><td></td><td>शसर्त पुजिगत</td><td>३०३८६०००</td><td>३०२८३३३४</td><td>१०२६६१</td></tr>
<tr><td></td><td>समपुरक</td><td>२८३३७५१६</td><td>२८३३७५१६</td><td>०</td></tr>
<tr><td>प्रदेश सरकार</td><td>शसर्त</td><td>३०५२६४३२</td><td>२९१०४०२८</td><td>१४२२४०३</td></tr>
<tr><td></td><td>विषेश</td><td>३५०००००</td><td>३५०००००</td><td></td></tr>
<tr><td></td><td>समपुरक</td><td>६००००००००</td><td>१५५६०००</td><td></td></tr>
<tr><td></td><td>मुख्यमन्त्री रोजगार</td><td>१९४२३१६५</td><td>१९४२३१६५</td><td>०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>२५.२</td><td></td><td></td><td>प्रदेश सरकार हस्तान्तरित कार्यक्रममा प्रदेश मर्मत सम्भार कोष वापत कट्टा गरेको रकम खर्च नभई वाँकी रकम नगरपालिकाको विविध खर्च खातामा ट्रान्सफर गरेको छ । शसर्त रकम खर्च नभई वाँकी रहेको रु.८७९०००।०० प्रदेश संचित कोषमा फिर्ता गरेको प्रमाण पेश हुनुपर्ने रु.</td><td>८७९,०००</td></tr>
<tr><td>२६</td><td></td><td></td><td>अनुदानको अनुगमनः<br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदान खर्च लेखेको छ । बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गर्ने गरेको छैन । साथै अनुदान वास्तविक एवं प्रभावकारी बनाउन दिर्घकालिन नीति तय गरेका छैन । अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी जीबनस्तरमा सुधार आएको यकिन हुने संयन्त्र स्थापित गरी अनुदान रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २७ | | | **आर्थिक सहायताः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु.४० लाख आर्थिक सहायता वितरणमा खर्च गरेको छ । आर्थिक सहायता खर्च लेख्ने स्पष्ट कार्यविधि एवं आवश्यक कानून बनाई सहायता वितरण कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| २८ | | | **वितरणमुखी कार्यक्रमः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ। नगरपालिकाले रु. १८,९३,७३०.०० को विभिन्न किसिमका वितरणमुखि सामग्री खरिद गरि वितरण गरेको छ । यस्तो खर्चले पालिकाको दीर्घकालीन पुजी निर्माण नहुने तथा यस्तो कार्यक्रम वास्तविक लक्षित समूहको पहिचान पारदर्शी देखिदैन । वास्तविक आवश्यकता र मापदण्ड तय नगरी खर्च गरेको यस्तो कार्यक्रम नियन्त्रण हुनुपर्दछ। | |

| सि.नं. | कार्यक्रम | विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १ | वडा नं १ मा फिल्टर वितरण | फिल्टर | ९९४४०० |
| २ | हर्लिक्स वितरण | हर्लिक्स | ३०००० |
| ३ | जेष्ठ नागरिक सम्मान | ज्याकेट स्वेटर वितरण | ७५९३३० |
| ४ | वहिरापन भएका वालवालिका | बल्याङ्केट विवरण | ११०००० |
| | जम्मा | | १८९३७३० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २९ | | | **नाफामूलक संस्थालाई अनुदानः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । जसअनुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन ।यदि उपलब्ध गराउने हो भने पनि सार्बजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेबा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । यो वर्ष पालिकाले देहायअनुसारका नाफामूलक संस्थाको कार्यालय व्यवस्थापन खर्चमा अनुदान उपलब्ध गराएको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।<br><table><tr><td>भौ नं र मिति</td><td>अनुदान पाउने संस्थाको नाम</td><td>प्रयोजन</td><td>अनुदान रकम</td></tr><tr><td>३४९।०७९।३।२५</td><td>हाम्रो साँझा बहुउद्देश्य सहकारी संस्था</td><td>ल्यापटप प्रिन्टर तथा फर्निचर खरिद</td><td>४९४३७५</td></tr><tr><td>३४३।०७९।३।२५</td><td>दलित सेवा संघ जुम्ला</td><td>ल्यापटप प्रिन्टर तथा फर्निचर खरिद</td><td>७०००००</td></tr><tr><td></td><td>जम्मा</td><td></td><td>११९४३७५</td></tr></table> | |
| ३० | | | **सवारीसाधन खरिदः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले ४ थान दुई पांग्रे सवारि साधन खरिदमा रु.२५,००,०००.०० तथा २ थान चार पांग्रे सवारी (शब वाहन) साधन खरिदमा रु.३२,००,०००.०० बजेटबाट खर्च गरेको छ ।<br><table><tr><td>सि.नं</td><td>सवारी साधन</td><td>संख्या</td><td>रकम</td></tr><tr><td>१</td><td>मोटरसाइकल</td><td>७</td><td>२५०००००</td></tr><tr><td>२</td><td>सववाहन</td><td>२</td><td>३२०००००</td></tr></table> | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३१ | ८ | २०७८-७-१५ | **मोटरसाइकल खरिदः**<br>सवारीसाधन खरिद गर्दा यातायात व्यवस्था कार्यालयमा दर्ता भए पश्चात भुक्तानी गर्नुपर्दछ ।नगरपालिकाले २ थान स्कुटर र २ थान मोटरसाइकल खरिद गरि अंकित जनरल स्टोर एण्ड सप्लायर्सलाई रु.१२११२००।०० भुक्तानी गरेकोमा उक्त मोटरसाइकल गत विगत वर्ष नै यातायात व्यवस्था कार्यालयमा दर्ता भएको देखिएको छ । यसरी गत विगतमा खरिद गरि नामसारी समेत भै सकेको मोटरसाइकलको यस वर्ष भुक्तानी गरेकोमा उक्त मोटरसाईकलहरु कार्यालयको आदेश वेगर व्यक्तिले खरिद गरी कार्यालयलाई पछि जानकारी गराएबाट भुक्तानीमा ढिलाई भएको पाईयो । यसरी ३ वर्ष अगाडी खरिद आदेश वेगर खरिद गरि यस वर्ष भुक्तानी भएको सम्बन्धमा पालिकाबाट छानविन गरी सम्बन्धितलाई जिम्मेवार बनाउनुपर्ने देखिएको रु... | १,२०५,६०० |

| सि नं | सवारीसाधनको विवरण | खरिद मिति | भुक्तानी रकम |
|---|---|---|---|
| १ | **Faxhno** १२५ **scooter** | २०७७।८।१९ | २,४९,९०० |
| २ | **Faxhno** १२५ **scooter** | २०७८।८।१९ | २,४९,९०० |
| ३ | **FZ VS** ३ | २०७६।५।१० | ३,१५,९०० |
| ४ | **FZ** २५ | २०७६।५।१२ | ३,८९,९०० |
| जम्मा | | | १२,०५,६०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३२</td><td></td><td></td><td>धरौटीः<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४(२) रिटेन्सन मनि वापत कट्टा गरेको रकम निर्माण व्यवसायीले सम्वन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण अर्थात मुल्य अभिवृद्धि कर समायोजन भएको प्रमाण पेश भए पश्चता मात्र फिर्ता गर्नुपर्दछ । नगरपालिकाले निम्नानुसारको निर्माण व्यवसायीहरुलाई धरौटि फिर्ता गर्दा मुल्य अभिवृद्धि कर समायोजन भएको प्रमाण गरेको पश्चात फिर्ता गर्नुपर्नेमा कर चुक्ता प्रमाणको आधारमा फिर्ता गरेको देखिएकोले कर समायोजन प्रमाण पेश हुनुपर्ने रु
<table>
<tr><td>भौ नं र मिति</td><td>निर्माण व्यवसायी</td><td>फिर्ता रकम</td></tr>
<tr><td>४।०७८।८।१</td><td>त्रिशुल निर्माण सेवा</td><td>४८१५५</td></tr>
<tr><td>७।०७८।८।९</td><td>सुशन कन्स्ट्रक्सन</td><td>१००१२७</td></tr>
<tr><td>१०।०७८।८।२२</td><td>आर एन बि विल्डर्स</td><td>७०६१२</td></tr>
<tr><td>१४।०७८१२।१७</td><td>निशान विल्डर्स</td><td>२३८७२</td></tr>
<tr><td>१५।०७९।१।२६</td><td>आशापूर्ण निर्माण सेवा</td><td>२३२६८४</td></tr>
<tr><td>१८।०७९।३।२९</td><td>भिजन निर्माण सेवा</td><td>४०८६६५</td></tr>
<tr><td></td><td>जम्मा</td><td>८८४११५</td></tr>
</table></td><td>८८४,११५</td></tr>
<tr><td>३३</td><td></td><td></td><td>आन्तरिक लेखापरिक्षणबाट कायम बेरुजु :<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा ३३(८) वमोजिम आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश भएका व्यहोरा अन्तिम लेखापरीक्षण हुनु अगावै फछ्र्यौट तथा सम्परिक्षण गराउनु पर्ने तथा दफा ३३(९) वमोजिम आन्तरिक लेखापरीक्षणको सुझावहरुको सम्वन्धमा कारण सहित हटाएकोमा वाहेक अन्य सुझावहरुलाई अन्तिम लेखापरीक्षण प्रतिवेदमा समावेश गर्नुपर्ने व्यवस्था अनुरुप आन्तरिक लेखापरीक्षणमा देखिएका व्यहोरा हालसम्म फस्र्यौट नभएकोले कायम गरिएको छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३३.१ | | | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ वमोजिम विल भरपाई सहित लेखा राख्नुपर्दछ । पालिकाले खोलावारी देखि शेरवहादरको घरसम्मको सडक निर्माणमा खर्चको विल भरपाई भन्दा वढी भुक्तानी भएको रकम असूल हुनुपर्ने रु | २७,१८४ |
| ६७ | ९४ | २०७८-१२-१५ | **फिल्ड निर्माणः**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ वमोजिम लाभग्राही सामुदायबाट निर्माण भएको कार्यको भुक्तानी गर्दा प्राविधिक नाँपजाँच तथा लाभग्राहीले पेश गरेको विल समेतलाई आधारलिई भुक्तानी गर्नुपर्दछ । पालिकाले बालविकासक केन्द्रको फिल्ड निर्माण गर्दा लाभग्राहीले मेसिनबाट कार्य गराई अमित निर्माण सेवाको रु.३,०२,२७५।०० को विल पेश गरेकोमा मेसिन वाहेक थप मान्छेले गरेको भनि रु.३,८८,३०१।०० को मुल्यांकन गरेको छ । पेश भएको श्रेस्ता तथा फोटो अनुसार सवै कार्य मेसिनवाट नै भएको देखिएकोले पेश भएको कार्य मुल्यांकन सम्वन्धमा छानविन गरि निर्माण व्यवसायीको विल भन्दा वढी भुक्तानी भएको रकम मुल्यांकन गर्ने प्राविधक तथा भुक्तानी गर्नेवाट असूल गर्नुपर्ने रु. | २७२,२३३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६८ | | | **सव कन्ट्याक्टर वाट कार्य गराएको:**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिले पाएको काम आफैले सम्पन्न गर्नुपर्नेछ र कुनै निर्माण व्यवसायी वा सव कन्ट्याक्टरवाट गराउने सुचना प्राप्त भएपछि समितिसँग सम्झौता तोडी वाँकी ऐन र नियमावली अनुसार गराउनुपर्ने उल्लेख छ । पालिकाले निम्न उपभोक्ता समितिलाई दिएको कार्यको लागत अनुमान शत प्रतिशत मेसिनवाट गर्ने गरि तयार गरेको र उपभोक्ताले उक्त कार्य निर्माण व्यवसायीवाट गराई कर विजक पेश गरेको देखिएकोले नियमावलीमा भएको व्यवस्था विपरित पालिकाको सहमतिमा भएको देखिएको जिम्मेवार पदाधिकारीलाई जवाफदेही वनाउनुपर्दछ ।साथै नियमावली विपरित भएको कार्य नियम सम्मत नदेखिएको रु | २,४३९,७२३ |

| भौ नं र मिति | निर्माण योजना | निर्माण व्यवसायी | निर्माण व्यवसायीले पेश गरेको विजक रकम | भुक्तानी |
|---|---|---|---|---|
| ३५९।०७९।३।२५ | तलिउम जुफिमिला सडक | सोनिया निर्माण सेवा | ११५८२५० | ९५६१६१ |
| १२८।०७८।१२।२५ | कनिगोठ झारा धारा सडक निर्माण | सोनिया निर्माण सेवा | ४०६८०० | ४५५००० |
| १३।०७८।७।८ | खल्ला गाँउ देखि वयल्ला सम्म सडक | वरिष्ठ निर्माण सेवा | २५३१२० | ४७९४७६ |
| ९४।०७८।१२।१५ | वाल विकास केन्द्र फिल्ड निर्माण | अमिन निर्माण सेवा | ३०२२७५ | ५४९०८६ |
| जम्मा | | | | २४३९७२३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६९ | | | **कानेगोठ झारा हुदै लाम्रासम्म ग्रामिण सडक स्तरोन्नती:**<br>कानेगोठ झारा हुदै लाम्रासम्म ग्रामिण सडक स्तरोन्नती गर्न रु.४६,४६,४१९।०० लागत अनुमान रहेकोमा ८० प्रतिशत अनुदान दिने गरि उपभोक्ता समिति मार्फत कार्य गराएकोमा सो सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार छन । | |
| ६९.१ | ५८ | २०७९-३-२५ | सार्वजनिक खरिद निमयावली २०६४ को नियम ९७ (१३ क) वमोजिम उपभोक्ता समितिलाई दिएको कार्यमा कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराएको पाइएमा उक्त समितिसंग सम्झौता रद्ध गरी सो कार्य गर्ने निर्माण व्यवसायीलाई कालोसुचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नुपर्ने उल्लेख छ । पालिकाले उपभोक्ता समिति मार्फत कार्य गर्ने गरि सम्झौता गरेकोमा उपभोक्ता समितिले तयार गरेको लागत अनुमान बराबर कै विल सोनिया निर्माण सेवा (६००४०६१५६) जुम्लाको विजक नं ७ मिति २०७९।३।२४ को पेश गरेको देखिएकोले उक्त कार्य सव कन्ट्याक्टरबाट गराएको देखिन्छ । उपभोक्ता समितिले निर्माण व्यवसायीवाट कार्य गराउदा नियमावली बमोजिम कारवाही नगरी मुल्यांकन गर्ने प्राविधिक तथा भुक्तानी दिनेलाई जिम्मेवारी बनाई उपभोक्ता समितिलाई दिएको काम गर्ने निर्माण व्यवसायी सोनिया निर्माण सेवालाई कालोसुचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सिफारिस गरेको प्रमाण पेश हुनुपर्ने रु. | ३,४३८,९५४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६९.२ | | | सार्वजनिक खरिद नयमावली २०६४ को नियम ९७(६) बमोजिम उपभोक्ता समितिले प्राविधिक मुल्यांकन र विल भरपाई सहित अन्य खर्च प्रमाणित हुने प्रमाण कागजात कार्यालयमा पेश गर्नुपर्ने उल्लेख छ । पालिकाले उक्त योजजनामा plantation and Environment protection work वापत २ लाख खर्च लेखेकोमा सो कार्य भएको नदेखिएकोले उक्त मुल्यांकनको अनुदान वापत भुक्तानी भएको ८० प्रतिशत अर्थात रु.१,६०,०००।०० कार्यको मुल्यांकन गर्ने प्राविधिक तथा भुक्तानी गर्नेवाट असूल गर्नुपर्ने रु. | १६०,००० |
| ६९.३ | | | नन्फाइलर – मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट सोनिया निर्माण सेवा (६००४०६१५६) लाई मू.अ.कर रु.५,३४,३००.०० समेत रु.४६,४४,३००.०० भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्म कर विवरण नबुझाई २०७७ चैत्र देखि नन्फाईलर रहेको देखिएकोले मुल्य अभिवृद्धि कर समायोजन पेश गर्नुपर्ने रु. | ५३४,३०० |
| ६९.४ | ४३ | २०७९-३-२५ | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार निर्माण कार्यको भुक्तानी प्राविधिक नाँचजाँच गरी तोकिएको दरले भुक्तानी गर्नुपर्दछ । रल्लिखेल हुदै लामासिम कृषि सडक निर्माण गर्न लागत अनुमान रु.५९६३२९५।०० भएको कार्यमा उपभोक्ता समितिले रु.११६३२९५।०० व्यहोर्ने गरि सम्झौता भएकोमा रु.५०३६३२८।०० मा कार्य सम्पन्न गरि पालिकावाट रु.४१८०६६२।०० भुक्तानी गरेको छ ।उक्त कार्यको निम्न आइटममा पालिकाको दररेट भन्दा वढी दरले भुक्तानी भएको देखिएकोले वढी भुक्तानी भएको रकम असूल गर्नुपर्ने रु. | ५६१,०४६ |

| सि नं | आइटम | परिमाण | भुक्तानी भएको दर | भुक्तानी हुनुपर्ने दर | वढी भुक्तानी दर | वढी भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| १ | All type of soil | ६२२४.७१ | २३३ | १५५.२५ | ६६.७५ | ४९१७४६ |
| २ | Medium Rock | २६२.५० | ६८० | ४१७ | २६३ | ६९३०० |
| जम्मा | | | | | | ५६१०४६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७० | | | **विद्यालय निर्माणः**<br>नगरपालिकाले लागत अनुमान रु.२५००३९५।७९ भएको कार्यमा शम्भुनाथ ज्ञान कुंज माध्यमिक विद्यालयको दोस्रो तला भवन निर्माण गर्न आर्थिक वर्ष २०७७।७८ मा पालिकावाट २० लाख अनुदान दिने गरि सम्झौता भएको देखिन्छ । लेखापरीक्षणको क्रममा स्थलगत अनुगमन गर्दा देखिएको व्यहोरा निम्नानुसार छन । | |
| ७०.१ | | | आई.सि.टि. ल्याव निर्माणको लागी जस्ताको छाना भएको दोस्रो तल्ला भवन निर्माण गरेकोमा छानामा धेरै ठाउँमा प्वाल देखिएकोले वर्षामा भवन चुहिने देखिएकोले ल्यावको लागि उपयुक्त देखिदैन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७०.२ | | | भवन निर्माणको मुल्यांकन तथा पेश भएको उपभोक्ता समितिको विल अनुसार निम्न खर्चहरु स्थलगत अनुगमनको क्रममा सो कार्य भएको नदेखिएकोले उक्त खर्च पुष्टि हुने प्रमाण पेश हुनुपर्ने अन्यथा उक्त रकम असूल गर्नुपर्ने रु. | ६०३,३५७ |

| सि नं | कामको विवरण | परिमाण | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | १:१ punning work | 115.35 cum | १८४ ७७९ | |
| २ | १२५ ceiling plaster | 44.83 cum | २४४ ५४ | छत नभएकोले celing plaster खर्च गर्न नमिल्ने |
| ३ | Fanashing wire masine made (hole size 60mm*60 mm) havey | 448 Rm | २६८ ४०० | विद्यालयको घेरावार गत वर्यको मुख्यमन्त्री रोजगार कार्यालयवाट भएकोमा यस योजनाको जाली कुन कार्यमा प्रयोग भएको नखुलेको |
| ४ | Barbed wire 3 layer | 1800 Rm | १२२ ७२४ | |
| ५ | Binding wire | 150 kg | ३०० ० | |
| | जम्मा | | ६०३ ३५७ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७१ | | | **फरक शिर्षकमा खर्चः**<br>शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी बाट प्रकाशित कार्यक्रम कार्यान्वन पुस्तीकाको खण्ड १ (१.३) आर्थिक अनुशासन तथा वित्तिय प्रतिवेदन (क) मा एक बजेट उपशिर्षकमा बिनियोजन भएको रकम अर्को सब बजेट उपशिर्षकमा खर्च नगर्ने, स्वीकृत नर्म्सको परिधिभित्र रहेर कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख गरिएका आधार र प्रकृया अनुरुप खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले तपसिल बमोजिमको उपशिर्षको रकमबाट शिक्षकहरुको तलब शिर्षकमा खर्च लेखेकोले उक्त रकम अनियमित देखिएको रु | ६,१५२,३१९ |

| क्रसं | कम्पोनेन्ट नं | शिर्षक | रकम |
|---|---|---|---|
| १ | २.७.११.१ | दिवा खाजा | २४७५२०० |
| २ | २.४.६.१ | निशुल्क पाठ्यपुस्तक | ४५०८२१ |
| ३ | २.७.१३.४१ | अङ्ग्रेजी गणित विज्ञा न विषय अनुदान (६-८) | ८९४८२ |
| ४ | २.७.१३.४० | अङ्ग्रेजी गणित विज्ञान विषय अनुदान (९-१०) | ८६७३१६ |
| ५ | २.७.१३.१३ | शैक्षिक गुणस्तर अभिवृद्धि तथा प्रोत्साहनमा आधारित अनुदान | ९६२४५० |
| ६ | २.७.१३.२३ | सेनिटरी प्याड | १२४९००० |
| ७ | | विद्यालय संचालन तथा व्यवस्थापन अनुदान | ५७०५० |
| ८ | ७.२.१.१ | छात्रवृत्ति | १००० |
| | जम्मा | | ६१५२३१९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७२ | २२३ | २०७९-३-२० | **विद्यार्थीको खाना खाजाः**<br>शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी बाट प्रकाशित कार्यक्रम कार्यान्वन पुस्तीकाको क्रियाकलाप ७२.१.१ मा विद्यालयले व्यवस्था गरेको आवासमा बसोबास गर्ने बालबालिकाको संख्याको आधारमा प्रति विद्यार्थी प्रति महिना ४००० को दरले १० महिनाको जम्मा ४०००० रकम विद्यालयलाई विद्यार्थीको खाना खाजा तथा आवास व्यवस्थापनमा खर्च गर्न अनुदान दिने र उक्त रकम मध्ये मासिक ५०० को दरले १० महिनाको प्रतिविद्यार्थी ५००० विद्यार्थीलाई आवश्यक पर्ने व्यक्तिगत सरसफाईको लागी भरपाई गराई नगद नै अनिवार्य उपलब्ध गराउनुपर्ने व्यववस्था छ । नगरपालिका अन्तर्गत संचालित २ वटा विद्यालयलाई विद्यार्थी संख्या यकिन नगरी यस्तो रकम निकासा गरिएकोमा नगद वितरण गरिएको प्रमाण पेश गर्नुपर्ने रु<br>क्र सं \| विद्यालय \| रकम<br>१ \| कर्णाली माध्यमिक विद्यालय \| २०७२०००<br>२ \| जनता माध्यमिक विद्यालय \| २६१२०००<br>\| जम्मा \| ४६८४००० | ४,६८४,००० |
| ७३ | | | **शिक्षण सहयोग अनुदानः**<br>कार्यक्रम संचालन निर्देशिका (२.४.६.१) मा आधारभुन तह कक्षा ६-८ मा अङ्ग्रेजी, गणित र विज्ञान शिक्षण सहयोग अनुदान अन्तर्गत प्रतिशिक्षक मासिक २८२००/- निकासा हुनुपर्नेमा भगवती आधारभुत विद्यालयका शिक्षकहरुलाई ३०,२००/- को दरले निकासा भएकोले वढी रकम असूल गर्नुपर्ने रु<br>क्र स \| नाम \| नियुक्ति मिति \| वढी रकम<br>१ \| कालि ब भण्डारी \| २०७८।०६।१० \| १८६००<br>२ \| खगेन्द्र चौलागाई \| २०७८।०६।१० \| १८६००<br>३ \| नरेन्द्र ब रोकाया \| २०७८।०७।०४ \| १६२००<br>\| जम्मा \| \| ५३४०० | ५३,४०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७४ | १२७ | २०७९-३-१९ | **पाठ्यपुस्तकः**<br>शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी बाट प्रकाशित कार्यक्रम कार्यान्वन पुस्तीकामा सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान पहलोपटकमा विद्यार्थी संख्याको ७५% संख्यालाई पहिलो चौमासिकमा र शैक्षिक सत्र २०७९ को विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने थप २५% अनुदान दिने व्यवस्था छ । पालिकाले २०७९।०३।०८ मा अन्तर्गतका विद्यालयलाई ७५ प्रतिशत भनि रु २५,६९,३१८/- र २०७९।०३।२३ मा २५% भनि रु ८,८२,८५९/- पाठ्यपुस्तक वापतको रकम निकासा गरेकोले विद्यार्थी संख्या पाठ्यपुस्तक खरिद र वितरण सहित खर्च प्रमाणित हुने कागजात पेश हुनु पर्ने रु | ३,४५२,१७७ |
| ७५ | | | **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ताः**<br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७९ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु. ३८,००,०००.०० तलब भत्ता भुक्तानी गरेको नियम सम्मत नदेखिएको रु | ३,८००,००० |
| ७६ | | | **कार्य सम्पन्न नभई भुक्तानीः** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७६.१</td><td></td><td></td><td>शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको ०७८।७९ को कार्यक्रम कार्यान्वियन पुस्तिकाको क्रियाकलाप नं ११ १ २ ४४५ को ८।२ मा भवन निर्माण अनुदान दिदाँ क्रमश ३०, ५०, २० प्रतिशत निकासा दिनुपर्ने र अषाढ १५ भित्र निर्माण कार्य सम्पन्न गरि कार्य सम्पन्न प्रतिबेदन प्रमाणित गरिसक्नुपर्ने व्यवस्था छ । तर मन्त्रालयले कोभिड १९ लगायत विविद्य कारण समयमा निर्माण कार्य सम्पन्न नगर्ने विद्यालयहरुलाई कार्य प्रगति अनुसार फुकुवा हुने गरी तोकिएको रकम सम्बन्धित विद्यालयको खातामा पठाउने मा मन्त्रीस्तरिय निर्णय भएको जनाई च न २२५ मिति २०७९।०३।१७ मा परिपत्र गरेको आधारमा विद्यालयहरुलाई निकासा दिएको छ । उक्त निर्माण कार्यको प्राविधिकबाट कार्य सम्पन्न प्रतिबेदन तयार गरी भुक्तानी गरेको छ । उक्त अनुदान रकमको तयार भएको कार्य सम्पन्न प्रतिबेदन, निर्माण सम्पन्न माईन्यूट, फोटो लगायत निर्माण कार्य पुरा भएको प्रमाण पेश गर्नु पर्ने रु
<table>
<tr><th>भौ नं</th><th>विद्यालयको नाम</th><th>विवरण</th><th>निकासा रकम</th></tr>
<tr><td>१२ र ३६</td><td>चन्दननाथ माध्यमिक विद्यालय</td><td>नमुना विद्यालय ४ कोठे</td><td>७०,००,०००</td></tr>
<tr><td>२३</td><td>मालिका आधारभुत विद्यालय आचार्यवाडा</td><td>२ कोठे भवन</td><td>१८,००,०००</td></tr>
<tr><td>३५</td><td>कर्णाली आधारभुत विद्यालय अनामनगर</td><td>४ कोठे भवन</td><td>३६,००,०००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>१,२४,००,०००</td></tr>
</table></td><td>१२,४००,०००</td></tr>
<tr><td>७६.२</td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली २०६४ को नियमा ११७ वमोजिम सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्यको स्वीकार गर्दा सोको प्रतिवेदन तयार गर्नुपर्दछ । नगरपालिकाले जनता माध्यमिक विद्यालय महतगाँउमा ४ कोठे भवन निर्माण का लागि रु ७० लाख निकासा गरेको देखियो । उक्त भवनको स्थलगत अनुगमन गर्दा मिति २०७९।५।१० गते सम्म प्लास्टर नभएको अवस्थामा समेत कार्य सम्पन्न प्रतिबेदन तयार गरी भुक्तानी गरेको देखिएकोले यसरी निर्माण कार्य नभएको भवनको मुल्यांकन गर्ने तथा कार्य सम्पन्न तयार पार्ने प्राविधिक कर्मचारीलाई कारवाही गरी उक्त भवनको वास्तविक कार्यसम्पन्न भएको फोटो सहित प्रतिवेदन पेश गर्नुपर्ने रु</td><td>७,०००,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७७</td><td></td><td></td><td>प्रोत्साहन अनुदानः<br>शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी बाट प्रकाशित कार्यक्रम कार्यान्वन पुस्तीकाको खण्ड १ (१.३) आर्थिक अनुशासन तथा वित्तिय प्रतिवेदन (छ) मा विद्यालयमा हुने खरिद कार्य सार्वजनिक खरिद ऐन तथा नियमावली विद्यालय खरिद दिग्दर्शन र विद्यालय लेखाङ्कन दिग्दर्शनको आधारमा गर्ने र सोको अनुगमन स्थानीय निकायले गर्नु पर्ने व्यवस्था छ । विद्यालय शैक्षिक गुणस्तर सुदृढिकरण एवं कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गत दिईएको तपसिल बमोजिमको अनुदान उपयोग को सम्बन्धमा अनुगमन गरी कार्य सम्पन्न भएको प्रतिबेदन बिल भरपाई सहित पेश हुनुपर्ने रु<br>
<table>
<tr><td>क्र सं</td><td>विद्यालयको नाम</td><td>प्रयोजन</td><td>रकम</td></tr>
<tr><td>१</td><td>भैरव मावि धुपिढुस्का</td><td>विज्ञान प्रयोगशाला</td><td>६,५०,०००/-</td></tr>
<tr><td>२</td><td>शम्भुनाथ मावि श्रीढुस्का</td><td>पुस्तकालय</td><td>६,५०,०००/-</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१३,००,०००/-</td></tr>
</table></td><td>१,३००,०००</td></tr>
<tr><td>७८</td><td></td><td></td><td>शिक्षा शिशु कार्यक्रमः<br>शिक्षा मन्त्रालयको स्वीकृत कार्यक्रमको क्रियाकलाप २.६ को सबैको लागि शिक्षा कार्यक्रम अन्तर्गत कार्य सञ्चालन गर्न शिक्षा प्राविधिक सहायकले रु ३,५०,००० पेश्की लिई फछ्यौंट गरेकोमा निम्न व्यहोरा देखिएको छः</td><td></td></tr>
<tr><td>७८.१</td><td></td><td></td><td>अर्थमन्त्रालयले सबै प्रकारको तालिम, गोष्ठी, सेमिनार, कार्यशाला सञ्चालन सम्बन्धी खर्च मापदण्ड जारी गरेको छ । सबै सरकारी कार्यालयले उक्त निर्देशिका अनुसार खर्च गर्नुपर्नेमा बालमैत्री विद्यालय प्रारुप सम्बन्धी नगर शिक्षा कार्यक्रम सञ्चालन गर्दा निर्देशिकाको पालना नगरी खर्च गरेको छ। निर्देशिका अनुसार स्टेशनरी प्रति कार्यक्रम २५००/- र प्रति सहभागी रु १००/- का दरले खर्च गर्नुपर्नेमा १२,४००/- खर्च गरेको छ । कुल २५ सहभागीको जम्मा रु ५,०००/- खर्च लेख्नुपर्नेमा रु ७,४००/- वढी खर्च लेखेको छ ।कार्यपत्र तथा कार्य तालिका समेत संलग्न नगरी संचालन भएको उक्त तालिममा रु १२,४००/- खाना तथा खाजा खर्च लेखेकोमा रु ५,६००/- भन्दा वढी खर्च गर्न मिल्ने नदेखिएकोले रु ४,४०० वढी खर्च गरेको छ । त्यस्तै प्रति सहभागी भत्ता रु ७००/- हुनुपर्नेमा प्रति सहभागी रु ६००/- का दरले भुक्तानी दिएको छ । यसरी तोकिएको नर्म्स पालना नगरी तालिम संचालन गर्ने कर्मचारीलाई जिम्मेवारी बनाई वढी खर्च गरेको रकम असुल गर्नुपर्ने देखिएको रु</td><td>१२,०००</td></tr>
<tr><td>७८.२</td><td></td><td></td><td>अनुगमन भत्ताः बालमैत्री विद्यालय अनुगमन गर्दा नगर भित्रका २ विद्यालय ३ दिन अनुगमन गरेको जनाई २० जनाको ३ दिनको १,०००/- को दरले रु ६०,०००/- खर्च लेखेकोमा नगर भित्र ३ दिन लाग्ने कुनै विद्यालय नभएकोले प्रतिदिन प्रतिविद्यालयको दरले हुने भन्दा १ दिन वढीको अनुगमन भत्ता दिन मिल्ने नदेखिएकोले स्रेस्तामा संलग्न नामावली अनुसार कर बाहेक भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रु</td><td>१७,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७८.३ | | | कार्यशाला संचालनः सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापक र नगर शिक्षा समितिका ३२ पदाधिकारीलाई समावेशी शिक्षा सम्बन्धी कार्यशाला संचालन गरेकोमा खाजा/खाना वापत रु ३२,०००/- बिल पेश गरेकोमा अर्थमन्त्रालयबाट जारी निर्देशिका अनुसार २०० का दरले १० प्रतिशत संख्या थप समेत रु १४,०००/- सम्म खर्च गर्न सकिनेमा रु १८,०००/- वढी खर्च लेखेको तथा व्यानर खर्च रु २,०००/- लेखेकोमा व्यानर संलग्न नभएकोले वढी खर्च लेखेको रु १८,०००/- समेत असुल गर्नपर्ने रु | २०,००० |
| ७९ | | | **न्यूनतम पारिश्रमिकः**<br>कार्यक्रम कार्यान्वियन पुस्तिकाको क्रियाकलाप १.१.४.१ मा प्रारम्भिक बालविकास केन्द्र यकिन गरी प्रत्येक सामुदायिक विद्यालयमा १ जनाको मासिक रु. ८,०००/- र प्रत्येक माध्यमिक विद्यालयमा विद्यालय सहायक कर्मचारीको लागी मासिक रु. १३,५००/- का दरले १३ महिना बराबरको पारिश्रमिक उपलब्ध गराउने तथा नेपाल सरकारले निर्धारण गरेबमोजिम न्यूनतम पारिश्रमिक रु १५ हजार भन्दा कम हुन आउने रकम सम्बन्धित स्थानीय तहले व्यहोर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तहले थप गर्नुपर्ने रकम समेत शसर्त अनुदानबाट नै खर्च लेखेकोले उक्त रकम सोधभर्ना भई संघिय संचितकोषमा दाखिला भएको प्रमाण पेश गर्नुपर्ने रु | ४,१४०,५०० |

| क्र स | पद | संख्या | दर | महिना | वढी भुक्तानी |
|---|---|---|---|---|---|
| १ | बाल विकास केन्द्रका शिक्षिका | २१ | ७००० | १३ | १९११००० |
| २ | विद्यालय सहयोगी | १८ | ७००० | १३ | १६३८००० |
| ३ | विद्यालय कर्मचारी | ७ | ६५०० | १३ | ५९१५०० |
| | जम्मा | | | | ४११४०५०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८०</td><td>१२५</td><td>२०७८-१२-२५</td><td>नर्म्स भन्दा वढी भुक्तानीः<br>पालिकाले बहुक्षेत्रिय पोषण योजना कार्यक्रम अन्तर्गत संचालित महिनावारी स्वच्छता तथा सेनिटरी प्याड निर्माण र प्रयोग सम्बन्धि ३ दिने तालिममा प्रचलित नर्म्स भन्दा वढी भुक्तानी भएको रकम असूल गर्नुपर्ने रु
<table>
<tr><th>क्र स</th><th>नाम</th><th>शिर्षक</th><th>नर्म</th><th>भुक्तानी</th><th>कर बाहेक असुल</th></tr>
<tr><td>१</td><td>खडानन्द चौलागाई</td><td>प्रतिबेदक</td><td>१५००</td><td>५०००</td><td>२९७५</td></tr>
<tr><td>२</td><td>क्षेत्रबहादुर बुढ्थापा</td><td>संयोजक</td><td>१२००</td><td>३०००</td><td>१५३०</td></tr>
<tr><td>३</td><td>कमल बहादुर शाही</td><td>सहायक</td><td>४५०</td><td>३०००</td><td>२१६७</td></tr>
<tr><td>४</td><td>उमादेवी उपाध्याय</td><td>सहायक</td><td>४५०</td><td>३०००</td><td>२१६७</td></tr>
<tr><td>५</td><td>हिरु सार्की</td><td>कास</td><td>४५०</td><td>१५००</td><td>८९२</td></tr>
<tr><td>६</td><td>नेत्रकला शाही</td><td>प्रशिक्षक</td><td rowspan="2">सेसन सञ्चालनको छुट्टै भत्ता बुझेको</td><td>२०००</td><td>१७००</td></tr>
<tr><td>७</td><td>अनिता नेपाली</td><td>प्रशिक्षक</td><td>२०००</td><td>१७००</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>१३१३१</td></tr>
</table></td><td>१३,१३१</td></tr>
<tr><td>८१</td><td>१०६</td><td>२०७९-३-१६</td><td>MPDSR कार्यक्रमः<br>मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत MPDSR कार्यक्रम संचालन गर्दा भएको खर्च कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको नाममा भुक्तानी गर्नुपर्नेमा प्रतिष्ठानको प्रसुति वार्ड इन्चार्ज सबिता खड्काले भुक्तानी लिएको पाइएकोले उक्त रकम प्रतिष्ठानको आम्दानी जनाएको प्रमाण पेश हुनुपर्ने अन्यथा सम्बन्धितबाट असूल फिर्ता गर्नुपर्ने रु</td><td>१९९,८००</td></tr>
<tr><td>८२</td><td>११०</td><td>२०७८-१२-१७</td><td>भ्रमण खर्चः<br>मातृ तथा नवजात शिशु कार्यक्रम शिर्षकबाट वडा अध्यक्ष श्री अज बहादुर रावललाई भ्रमण खर्च भुक्तानी भएको तर भ्रमणको प्रयोजन तथा प्रतिबेदन कार्यक्रम सँग सम्बन्धित नदेखिएकोले असूल गर्नुपर्ने रु</td><td>३४,९५०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८३</td><td></td><td></td><td>
औषधी खरिदः<br>
औषधी खरिद – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर स्थानीय तहहरुले उक्त प्रक्रियावेगर विभिन्न मितिमा फरक सप्लायर्सबाट रु २१,९४,३९८/- का औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु न्निानुसार छनः
<table>
<tr><th>भौ नं</th><th>सप्लायर्सको नाम</th><th>रकम</th></tr>
<tr><td>३४/०७८/०९/०६</td><td>सुदिप मेडिको सप्लायर्स</td><td>४,९३,०९४/-</td></tr>
<tr><td>९८/०७८/१२/०२</td><td>चिरायु ड्रग हाउस</td><td>४,९८,८१२/-</td></tr>
<tr><td>७३/०७८/११/०४</td><td>चिरायु ड्रग हाउस</td><td>४,६१,४४८/-</td></tr>
<tr><td>१७५/०७९/०३/०८</td><td>चिरायु ड्रग हाउस</td><td>३४०५००/-</td></tr>
<tr><td>०७९/०२/१६</td><td>चिरायु ड्रग हाउस</td><td>४,००,५४४/-</td></tr>
</table>
<ul>
<li>खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,</li>
<li>आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन भन्ने खुलासाको प्रमाण समावेश नभएको,</li>
<li>आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।</li>
<li>औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,</li>
<li>औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।</li>
<li>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।</li>
</ul>
</td><td></td></tr>
<tr><td>८४</td><td></td><td></td><td>जिल्ला दररेटः</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८४.१</td><td></td><td></td><td>वस्तु तथा सामान खरिद गर्दा जिल्ला दररेट निर्धारण समितिले तोकेको दररेट अनुसार गर्नुपर्दछ । उन मिसान कार्यक्रम अन्तर्गत भेडा प्रवर्द्धन शिर्षकबाट अनुदान पाउने फर्मले जिल्ला दररेट भन्दा वढी मूल्यमा प्रजनन योग्य भेडी खरिद गरेको बिल पेश गरेको देखिएकोले सम्बन्धित फर्मबाट उक्त वढी रकम असूल गर्नुपर्ने रु.
<table>
<tr><th>भौ नं</th><th>फर्मको नाम</th><th>खरिद सं</th><th>खरिद दर</th><th>जिल्ला दररेट</th><th>प्रति भेडी बढी रकम</th><th>वढी भुक्तानी</th></tr>
<tr><td>१३८</td><td>चेरे मालीका भेडा तथा बाख्रा पालन समुह जुम्ला</td><td>४०</td><td>२१०००</td><td>१२०००</td><td>९०००</td><td>३६००००</td></tr>
<tr><td>१४१</td><td>विशाल पशुपन्छि फर्म</td><td>४०</td><td>२१०००</td><td>१२०००</td><td>९०००</td><td>३६००००</td></tr>
</table></td><td>७२०,०००</td></tr>
<tr><td>८४.२</td><td></td><td></td><td>अनुदानः साना व्यावसायिक कृषि उत्पादन केन्द्र (बाख्रा पकेट) विकास कार्यक्रम निरन्तरता शिर्षकबाट अनुदान पाउने फर्मले जिल्ला दररेट भन्दा वढी मूल्यमा बाख्री खरिद गरेको बिल पेश गरेको देखिएकोले सम्बन्धित फर्मबाट उक्त वढी रकम असूल गर्नुपर्ने रु
<table>
<tr><th>भौ नं</th><th>फर्मको नाम</th><th>खरिद सं</th><th>खरिद दर</th><th>जिल्ला दररेट</th><th>प्रति बाख्री बढी रकम</th><th>वढी भुक्तानी</th></tr>
<tr><td>१८७</td><td>मित्र भेडा बाख्रा पालन उद्योग</td><td>२०</td><td>२००००</td><td>१००००</td><td>१००००</td><td>२०००००</td></tr>
<tr><td>१८४</td><td>सफल एग्रो फर्म</td><td>२०</td><td>२००००</td><td>१००००</td><td>१००००</td><td>२०००००</td></tr>
</table></td><td>४००,०००</td></tr>
<tr><td>८५</td><td></td><td></td><td>सामाजिक सुरक्षाः</td><td></td></tr>
<tr><td>८५.१</td><td></td><td></td><td>विवरण पेश तथा समिक्षाः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३१ बमोजिम स्थानिय तहले भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण नगरसभामा पेश गर्नुपर्ने र सामाजिक सुरक्षा भत्ता कार्यक्रममा भएको निकासा र खर्चको समिक्षा गर्नुपर्नेमा पालिकाले सो गरेको देखिएन ।</td><td></td></tr>
<tr><td>८५.२</td><td></td><td></td><td>सार्वजनिक सुनुवाईः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३४ बमोजिम वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एक पटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने उल्लेख भएतापनि सार्वजनिक सुनुवाई गरी जनगुनासो सम्बोधन गरेको छैन । कार्यविधिले तोकेको समयमा सार्वजनिक सुनुवाई गर्नु पर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८५.३ | | | सामाजिक सुरक्षातर्फ बढी निकासाः सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । नगरपालिकाले लाभग्राहीको सामाजिक सुरक्षाभत्ता वैंक मार्फत वितरण गरि बैंकको पार्किङ्ग खातामा वाँकी रहेको रकम रु.४२०८६५५।०० संघिय संचित कोषमा दाखिला गर्नुपर्ने रु | ४,२०८,६५५ |
| ८५.४ | | | पारदर्शिताः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ बमोजिम स्थानिय तहले सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानिय तहको वेभसाइटमा राख्नुपर्ने र रकम भुक्तानी गरेको तथा बुझि लिने व्यक्तीको नामावली स्थानीय तहका अतिरिक्त सम्बन्धित वडा कार्यलयमा समेत सार्वजनिक गर्ने व्यवस्था छ । स्थानिय तहले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिको विवरण वेभसाइटमा सार्वजनिक गरेको छैन । | |
| ८६ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रमः**<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७८ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सूचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन । बेरोजगारको सूचिमा समावेशलाई प्रथमिकिकरण गरेको छैन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष १३० जनालाई रोजगारी उपलव्ध गराई रु.७५,८८.०००.०० खर्च गरेको छ । लक्षित वर्गलाई औषत ७८ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी श्रृजना र सूचीकृतको बैकल्पिक उपयोग मार्फत रोजगार श्रृजना भएको देखिंदैन । | |
| ८७ | ३६१ | २०७९-३-२५ | **ल्यापटप मर्मतः**<br>सार्वजनिक रकम खर्च गर्दा मितव्ययी तरिकाले खर्च गर्नुपर्दछ । पालिकाले १ थान ल्यापटप मर्मत गरे वापत केशव इलेक्ट्रोनिक एण्ड सप्लायर्सलाई रु.६५ हजार भुक्तानी गरेको छ । नयाँ ल्यापटप सोही मुल्यमा खरिद हुन सक्नेमा पुरानै ल्यापटप मर्मत गरि खर्च लेखेकोले सोको औचित्य पुष्टि हुने प्रमाण पेश हुनुपर्ने अन्यथा मर्मत आदेश दिने कार्यालय प्रमुखलाई जिम्मेवार वनाई मर्मत कार्यमा नयाँ खरिदमा लाग्ने लागत वरावर खर्च गरेको नियम सम्मत नदेखिएको रु. ६५००० | ६५,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८८ | ३३५ | २०७९-३-२० | **तालिम खर्चः**<br>कार्य संचालन निर्देशिका २०७७ बमोजिम सम्वन्धित कार्यालयले संचालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए वापतको पारिश्रमिक नपाउने तर कार्यपत्र वापतको रकम मात्र पाउने उल्लेख छ । वडा नं ८ को उपभोक्ता सचेतीकरण तालिममा वडा सचिव र सव इन्जिनियरले तालिम प्रशिक्षक दिएकोले प्रशिक्षक भत्ता तथा कार्यपत्र पेश नभएकोले प्रशिक्षक तथा कार्यपत्रवापत भुक्तानी भएको रु.५०५०।०० सहयोगी भत्ता २ दिनको ३०० भुक्तानी हुनुपर्नेमा रु १७००।०० भुक्तानी भएकोले वढी भुक्तानी रु.१४००।०० तथा व्यानर छपाई वापत रु.२०००।०० खर्च लेखेकोमा व्यानर छपाई वापत रु.२०००।०० खर्च लेखेकोमा व्यानर छपाएको नदेखिएकोले निर्देशिका विपरित भुक्तानी भएको रु.८४५०।०० तालिम संचालक विष्णु वहादुर रावतवाट असूल हुनुपर्ने रु. | ८,४५० |
| ८९ | २२२ | २०७९-३-८ | **फर्मको नाममा भुक्तानीः**<br>सार्वजनिक निकायले खरिद गर्दा सम्बन्धित पार्टीलाई भुक्तानी गर्नुपर्दछ । पालिकाले शहरी स्वास्थ्य केन्द्रका लागी चिरायु ड्रग हाउसबाट रु.२३५८००।०० बराबरको औषधी खरिद गरेकोमा स्वास्थ्य इन्चार्ज जानकी महतलाई भुक्तानी गरेको देखिएकोले सम्वन्धित पार्टीको खातामा रकम जम्मा गरेको प्रमाण पेश हुनुपर्ने रु. | २३५,८०० |
| ९० | | | **सचेतना गोष्ठिः** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>९०.१</td><td></td><td></td><td>गोष्ठि, तालिम तथा कार्यशाला संचालन गर्दा स्पष्ट विषयवस्तु, लागत अनुमान स्वीकृत, लक्षित समुह, कार्यतालिका स्वीकृत गरि कार्यक्रम संचालन गर्नुपर्दछ । पालिकाले निम्नानुसारको लक्षित समूहलाई अभिमुखिकरण तालिम संचालन वपात रु.९२५०००।०० भुक्तानी गरेकोमा उक्त कार्यक्रमको लागत अनुमान स्वीकृत, विषयवस्तु, प्रशिक्षक तथा कार्यक्रम प्रतिवेदन वेगर विल भरपाईको आधारमा भुक्तानी भएकोले कार्यक्रम संचालन भएको प्रमाण पेश हुनुपर्ने अन्यथा उक्त रकम कार्यक्रम संचालक सहायक पाँचौ प्रमोद जंग शाह तथा भुक्तानी दिने लेखा प्रमुख र कार्यालय प्रमुखवाट असूल हुनुपर्ने रु.
<table>
<tr><th>सि नं</th><th>खर्च शिर्षक</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>जेष्ठ नागरिक</td><td>८००००</td><td></td></tr>
<tr><td>२</td><td>अपाङ्ग</td><td>७००००</td><td></td></tr>
<tr><td>३</td><td>दलित</td><td>५००००</td><td></td></tr>
<tr><td>४</td><td>विद्यवा</td><td>५००००</td><td></td></tr>
<tr><td>५</td><td>महिला</td><td>४५००००</td><td></td></tr>
<tr><td>६</td><td>महिला स्वयमसेविका</td><td>१२५०००</td><td></td></tr>
<tr><td>७</td><td>फोटोकपी मेसिन</td><td>५००००</td><td>पालिकाको जिन्सीमा आम्दानी नभएको</td></tr>
<tr><td></td><td>जम्मा</td><td>८७५०००</td><td></td></tr>
</table></td><td>८७५,०००</td></tr>
<tr><td>९०.२</td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) वमोजिम विल भरपाई सहित लेखा राख्नुपर्दछ । उक्त कार्यक्रम संचालन वापत रु.९२५०००।०० भुक्तानी भएकोमा रु.८७५०००।०० को विल भरपाई मात्र पेश भएकोले वढी भुक्तानी प्रमोद जंग शाहवाट असूल हुनुपर्ने रु.</td><td>५०,०००</td></tr>
<tr><td>९१</td><td></td><td></td><td>राजश्व अभिलेख :<br>कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी रसिद के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>९२</td><td></td><td></td><td>आन्तरिक आयः<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७८।७९ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।
<table>
<tr><td>केन्द्रियअनुदानबाटखर्च</td><td>आन्तरिकआय</td><td>आन्तरिकआयप्रतिशत</td></tr>
<tr><td>५३७५३५५९८.००</td><td>१३८०००००.००</td><td>२.५७</td></tr>
</table>
उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.५७ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आम्दानीको स्रोत पहिचान गरी आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>९३</td><td></td><td></td><td>आयको अनुमानः<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.१०,०६,३०,०५३.०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।७९ मा रु.७,७४,६९,६५०.७९ अर्थात अनुमान भन्दा २३ प्रतिशत घटी आय प्राप्त गरेको छ ।साथै मालपोत कार्यालयबाट प्राप्त हुने राजश्व हिसाब मिलान गरेको छैन । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।</td><td></td></tr>
<tr><td>९४</td><td></td><td></td><td>राजश्व दाखिला :<br>आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले ढिलो गरि राजस्व दाखिला गरेमा १० प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत १० वटा वडा पालिकाले प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । नगदी रसिद अनुसार शिर्षकगत आम्दानी खुल्नेगरी विवरण समेत तयार गरेको छैन । शिर्षकगत विवरण तयार गर्न लगाई यसरी ढिला राजश्व रकम बैक दाखिला भएको अवधि कार्यालयले छानविन गरी नियमानुसार जरिवाना असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९५ | | | **रितपूर्बकको कर बिजकः**<br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ। तर गाउँपालिकाले रित पूर्कको कर वीजक बेगर देहायका सप्लायर्स तथा निर्माण व्यसायीबाट मु.अ.कर रु.२८,०७०.०० समेत रु.२,४४,०००.०० समाना तथा निर्माण सेवा खरिद गरेको छ। तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसासयिले रितपूर्वकको कर बिजक वेगर पालिकाबाट भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु. | २८,०७० |

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | कर विजकको अवस्था | भुक्तानी रकम | मुअकर कर रकम |
|---|---|---|---|---|---|
| २२।०७८।७।९ | काष्ठ निर्माण सेवा | ३०२८०४१०४ | विजक नं ११ हातले लेखेको | २४४००० | २८०७० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>९६</td><td></td><td></td><td>
ननफाइलरः<br>
मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु. १०,१०,६०८.०० समेत रु. ८७,८४,५१८.०० भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । उक्त कारोबारको कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु.
<table>
<tr><th>गोभौनं./मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>प्यान नं.</th><th>भुक्तानी रकम</th><th>मुअकर कर रकम</th><th>ननफाइलर रहेको मिति</th><th>शिर्षक</th></tr>
<tr><td>३५९।०७९।३।२५</td><td>सोनिया निर्माण सेवा</td><td>६००४०६१५६</td><td>११५८२५०</td><td>१३३२५०</td><td>२०७६ फाल्गुन</td><td>पुजिगत</td></tr>
<tr><td>२७९।०७९।३।२०</td><td>आहाना निर्माण सेवा</td><td>६१०६३३२२९</td><td>४९९४५३</td><td>५७४५९</td><td>२०७८ पौस</td><td>पुजिगत</td></tr>
<tr><td>३२।०७८।१०।२</td><td>वि एन जे इन्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सन</td><td>६०९७७२९००</td><td>३९९११६</td><td>४५९१६</td><td>२०७८ पौस</td><td>पुजिगत</td></tr>
<tr><td>९१।०७९।३।२५</td><td>द ब्रदर्स कन्स्ट्रक्सन एण्ड वि एम सप्लायर्स</td><td>६१६८७९७७३</td><td>९६४६९९</td><td>११०९८३</td><td>२०७८ असोज</td><td>गत वर्षको भुक्तानी</td></tr>
<tr><td>४३।०७९।३।२५</td><td>रोयल । एन के</td><td>६१३१०४०३४</td><td>१११८७००</td><td>१२८७००</td><td>२०७६ फाल्गुन</td><td>प्रदेश शसर्त</td></tr>
<tr><td>५८।०७९।३।२५</td><td>सोनिया निर्माण सेवा</td><td>६००४०६१५६</td><td>४६४४३००</td><td>५३४३००</td><td>२०७६ फाल्गुन</td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>८७८४५१८</td><td>१०१०६०८</td><td></td><td></td></tr>
</table>
</td><td>१,०१०,६०८</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९७ | | | **कर कट्टि दाखिलाः**<br>नगरपालिकाको सुत्रको म ले प फा नं २७२ अनुसार कट्टि भएको रकम रु.६४८१।०० दाखिला गर्न वाँकी देखिएकोले उक्त रकम राजस्व दाखिला गरि सोको प्रमाण पेश हुनुपर्ने रु | ६,४८१ |
| ९८ | | | **आन्तरिक आम्दानीः**<br>कार्यालयले जिन्सी किताबमा गत वर्षको बाँकी, यस वर्षको खरिद, खर्च र बाँकी नगदी रसिदको अभिलेख राख्नुपर्ने र जिन्सी किताबाट खर्च लेखेको रसिद नियन्त्रण खातामा आम्दानी जनाई सम्बन्धित वडा कार्यालयमा आम्दानी रकम उठाउने कर्मचारी जिम्मामा देखिने गरी नगदी रसिद नियन्त्रण खाता राख्नुपर्ने र वर्षान्तमा कारोवार बन्द भएपश्चात खर्च गर्न बाँकी रसिद फिर्ता गरी अभिलेख व्यवस्थित गर्नुपर्दछ । यस वर्ष पालिकाले आन्तरिक आम्दानी जम्माम रु. ७९,७२,३३९।१० गरेकमा वडा कार्यालयमा सफ्टवेयर (अनलाईन) बाट नगरी नगदी रसिद प्रयोग गरी असुल गरेको छ । प्रयोग भएका नगदी रसिद लेखाङ्कन गरेको म.ले.प.फा.नं. १०५ र १०८ पेश नभएको र समयमा वडाले राजस्व रकम बैक दाखिला समेत नगरेकोले आम्दानी भएको रकम यकिन गर्न नसकिने हुँदा पालिकाबाटै राजश्व संयन्त्र बनाई आन्तरिक आम्दानी व्यवस्थित गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९९ | | | **पेश्की बाँकी :**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायत्व नियमावली २०७७ को नियम ४७ पेश्की दिएको रकम म्याद भित्र फछर्यौट गर्नु गराउनु पेश्की लिने एवं दिने दुबैको कर्तव्य हुने कुरा उल्लेख छ । कार्यालयले उपलब्ध गराएको पेश्की बाँकीको विवरण अनुसार आर्थिक वर्षको अन्तसम्म फछर्यौट हुन बाँकी रहेको निम्नानुसार पेश्की रकम नियमानुसार फछ्र्यौट गर्नुपर्ने, | ५,३२४,५०० |

| सि नं | कार्यक्रम | पेश्की पाउने | रकम |
|---|---|---|---|
| १ | वडा ९ का उल्लेखित आयोजना तथा कार्यक्रमहरु | खरिदार नन्द प्रसाद देवकोटा | ५०,००० |
| २ | स्वास्थ्य सस्था भवन निर्माण आ व २०७६/०७७ शसर्त अनुदान | आरती निर्माण सेवा | २२,७५,००० |
| ३ | लाग्रा धौलीगाड सडक निर्माण | लाग्रा धौलिगाड सडक निर्माण उपभोक्ता समिति च.ना.-१०, जुम्ला | १५,५६,००० |
| ४ | वडा ६ का उल्लेखित आयोजना तथा कार्यक्रमहरु | इ.सि.डि. भवन निर्माण उपभोक्ता समिति, जुम्ला | १,६५,००० |
| ५ | वडा १० का उल्लेखित आयोजना तथा कार्यक्रमहरु | हानी खोला देखि सिलाम सम्म ढल निकास नि.उ.स.,च.ना.-१०,जुम्ला | ६६,००० |
| ६ | विविध आयोजनाहरु | थेप्चेमुल देखि लामाडाँडा सम्म सडक निर्माण उ.स.,च.ना.-२, जुम्ला | ४,९५,००० |
| ७ | अनुगमन, मूल्यांकन खर्च | लेखराज न्यौपाने | ७,५०० |
| ८ | इन्धन (कार्यालय प्रयोजन) | लेखराज न्यौपाने | ५०,००० |
| ९ | सवारी साधन मर्मत खर्च | लेखराज न्यौपाने | १,००,००० |
| १० | इन्धन (कार्यालय प्रयोजन) | लेखराज न्यौपाने | ४०,००० |
| ११ | इन्धन (कार्यालय प्रयोजन) | लेखराज न्यौपाने | २०,००० |
| १२ | प्रकोप व्यवस्थापन तर्फ | लेखराज न्यौपाने | ५००००० |
| कुल जम्मा | | | ५१,७४,५०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १०० | | | **सिलाईकटाई तालिमः**<br>पालिकामा १ महिने सिलाई कटाइ सम्बन्धी तालिम संचालन गरी विष्णु बहादुर रावलको पेश्की फछ्र्यौट गर्दा देखिएको व्यहोरा निम्नानुसार छन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १००.१ | ५२ | २०७८-११-१५ | कार्यक्रम संचालन निर्देशिका २०७७ वमोजिम सिप विकास तालिम संचालन गर्दा ३० कार्य दिन सम्मको तालिममा प्रशिक्षकको पारिश्रमिक आवधिक रुपमा भएको व्यवस्था वमोजिम मासिक रु.१० हजारका दरले १ महिनाको भुक्तानी गर्नुपर्नेमा रु.४५०००।०० भुक्तानी भएकोले वढी भुक्तानी भएको रकम कर वाहेक रु.२९७५०।०० असूल गर्नुपर्ने रु. | २९,७५० |
| १००.२ | | | लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७७ को दफा ३९ मा तालिमबाट उत्पादित सामान वा वस्तुहरुको व्यवस्थित अभिलेख राखि त्यस्ता सामानहरु प्रशिक्षण अवधिभित्रै परल मूल्यको ५० प्रतिशत छुटमा सहभागीलाई विक्री गरी शाखाले तोकेको राजश्व खातामा रकम जम्मा गर्नु पर्ने विक्री नभएमा प्रदर्शनी वा विक्री कक्षमा पठाउने र त्यसरी पनि विक्री नभएमा ७ दिन भित्र स्टोर दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्न सामान वितरण गरेकोमा सो वापत प्राप्त हुनुपर्ने ५० प्रतिशत रकम प्राप्त नभएकोले उक्त रकम कार्यक्रम संचालक विष्णु बहादुर रावलवाट असूल गरी राजस्व दाखिला हुनुपर्ने रु. | १२१,३२५ |
| १०१ | | | **परामर्श सेवाः** | |

| सि नं | सामग्री खरिद तथा वितरण | खर्च रकम | ५० प्रतिशतले राजस्व दाखिला हुनुपर्ने रकम |
|---|---|---|---|
| १ | सिलाई मेसिन खरिद ११ थान | १२४३०० | ६२१५० |
| २ | कैचि ११ थान | ६२१५० | ३१०७५ |
| ३ | कपडा खरिद | ५६४०० | २८२०० |
| | जम्मा | | १२१३२५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१०१.१</td><td></td><td></td><td>सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ वमोजिम सार्वजनिक निकायले कुनै पनि खरिद गर्दा लागत अनुमान तयार गरि स्वीकृत गर्नुपर्दछ । पालिकाले निम्न कातर्यहरुको विस्तृत अध्ययन गर्न खर्च गरेकोमा उक्त कार्यको विस्तृत लागत अनुमान तयार नगरी खर्च लेखेको नियम सम्मत नदेखिएको रु.
<table>
<tr><th>भौ नं</th><th>कार्य</th><th>परामर्शदाता</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१</td><td>वडा १ भगवती मन्दिर तथा व्यायाम स्थल</td><td>हिमालयन इन्जिनियरिङ् कन्सल्टेन्सी</td><td>४९७२००</td></tr>
<tr><td>२</td><td>धिमी पार्क निर्माण</td><td>चंखेली हाई स्पिड इन्जिनियरिङ कन्सल्टेन्सी प्रा लि</td><td>९८७६२०</td></tr>
<tr><td>३</td><td>उमगाड स्यालागाँउ हुदै जातिभिड जोड्ने सडक</td><td>मष्टो इन्जिनियरिङ् कन्सल्टेन्सी</td><td>४९८८९५</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>१९८३७१५</td></tr>
</table></td><td>१,९८३,७१५</td></tr>
<tr><td>१०१.२</td><td></td><td></td><td>नगरपालिकाको भवन निर्माण आचारसंहिता आर्थिक वर्ष २०७७।७८ को योजनावाट परामर्शदातावाट निर्माण गरी रु.४९९८५५।०० खर्च गरेकोमा लेखापरीक्षण अवधिसम्म उक्त निर्देशिका पारित गरी लागू भएको नदेखिएकोले लागु नहुने कार्यमा खर्च गर्ने पदाधिकारीलाई जिम्मेवार वनाई उक्त आचारसंहिता पारित गरि कार्यान्वयन भएको प्रमाण पेश गर्नुपर्ने रु.</td><td>४९९,८५५</td></tr>
<tr><td>१०२</td><td></td><td></td><td>वार्षिक प्रतिवेदनः<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१०३</td><td></td><td></td><td>UNICEF:<br>युनिसेफ तर्फ यस वर्ष रु ९६५९३८६।०० निकासा भई रु ८६४२७५५।०० खर्च भएको छ ।<br>:<br>भ्रमण खर्चः भ्रमण खर्च नियमावली २०६४ को नियम ७ को उपनियम ८ मा १५ किलोमिटर भित्र भ्रमण वा काजमा रहदा भ्रमण खर्च नपाईनेमा युनिसेफ सम्पर्क व्यक्ति लक्ष्मी चन्द्र न्यौपानेले पालिका भित्रै ०७८।१०।१० देखि १०।१६ र ०७८।१०।२७ देखि ११।०४ सम्म भ्रमण खर्च वापत रु २६२५० भुक्तानी लिएकोले उक्त रकम असुल गर्नुपर्ने रु</td><td>२६,२५०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १०४ | | | **विज्ञापनमा छुटः**<br>सरकारी कार्यालयका लागि गोरखापत्र दैनिकले २५ प्रतिशत छुट रकम दिने परिपत्र गरे अनुसार सार्वजनिक सुचना गोरखापत्रमा विज्ञापन गरि छुट लिनुपर्ने वा अर्को मिडियामा विज्ञापन गर्ने भए सोही वरावरको छुट लिनुपर्नेमा नगरपालिकाले गोरखापत्र वाहेक अन्य मिडिया मार्फत विज्ञापन गरि प्रति सिसी १४०० का दरले भुक्तानी गरेकोमा स्वीकृत दररेट भन्दा वढी दरमा छुट नलिई भुक्तानी गरी थप व्ययभार पारेको रु | १३८,९०० |
| १०५ | १५० | २०७९-१-२६ | **सवारी मर्मतः**<br>सार्वजनिक खरिद नियमावली २०६४ अनुसार रु.५ लाख सम्मको खरिद तथा मर्मत कोटेशन मार्फत गर्नुपर्ने उल्लेख छ । पालिकाले बा २ झ ४०८१ नम्वर गाडी मर्मत गरेवापत माता सफल मोटर पार्टसलाई रु.४९९९२१।०० भुक्तानी गरेकोमा उक्त मर्मत कोटेशन माग नगरी सिधै खर्च लेखेको देखिएकोले नियम सम्मत नदेखिएको रु. | ४९९,९२१ |
| १०६ | ८ | २०७८-७-८ | **गत वर्षको भुक्तानीः**<br>सार्वजनिक खरिद नियमावली २०६४ अनुसार २० हजार भन्दा वढीको खरिद गर्दा मूल्य अभिवृद्धि करमा दर्ता भएको सप्लायर्सवाट खरिद गर्नुपर्दछ । पालिकाले २५ वटा योजनाको होडिङ वोर्ड छपाई गरे वापत शाही आर्टलाई २० हजार भन्दा घटीको विल टुक्रा पारी भुक्तानी गरेको नियम सम्मत नदेखिएको रु. | २१०,००० |
| १०७ | | | **कार्य योजनाः**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७९ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/ गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १०८ | | | अनुगमन तथा सम्परीक्षणः<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको पालिकाले सम्परीक्षणको लागि पेश नभई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।<br><br><table><tr><td>गत वर्षसम्मको बेरुजू</td><td>यो वर्ष संपरीक्षण गरिएको बेरुजू</td><td>गत बर्षसम्मको बाँकी बेरुजू</td></tr><tr><td>(A)</td><td>(B)</td><td>(C=A-B)</td></tr><tr><td>२४४३२५</td><td>०</td><td>२४४३२५</td></tr></table> | |
| १०९ | | | अद्यावधिक वेरुजुः<br><br>यस पालिकाको २०७८।७९ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ<br><br><table><tr><td>गत वर्ष सम्मको बाँकी बेरुजू (A)</td><td>यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)</td><td>यो वर्ष कायम बेरुजू (C)</td><td>संपरीक्षणबाट कायम बेरुजू (D)</td><td>अध्यावधिक बाँकी बेरुजू (E=A-B+C+D)</td></tr><tr><td>२४४३२५</td><td>०</td><td>१२४९२९</td><td>०</td><td>**३६९२५४**</td></tr></table> | |